Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.


# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन



## आकर्षक जग्गा बिक्रीमा

त्रियुगा नगरपालिका १२ सोनापुरस्थित गाईघाटदेखि लक्ष्मीपुर जाने मुख्य सडकमा १० धुर जग्गामा बनेको ३ कोठे भुईघर भएको प्रसस्त मुख भएको आकर्षक जग्गा तु. बिक्रीमा 5 . OR5 s dxfgb fj n]९८२९७५०६५३ मा सम्पर्क गर्नुहोला ।


■ बर्ष-१७, ▶▶ अंक ६ भदौ २३ गते बुधबार,२०७८, Septmber–8 Wenesday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# उदयपुरका २८ जनप्रतिनिधि नेकपा (एस)मा

❖ मुलुकी संवाददाता

*उदयपुर, भदौ २२*

निर्वाचन आयोगले दिएको दल रोज्न पाउने अधिकारको अन्तिम दिन मंगलबारसम्म उदयपुरका २८ जना जनप्रनिधिले माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजबादी) रोजेका छन् । नयाँ पार्टी रोज्दै सनाखत गर्नेहरुमा त्रियुगा नगरप्रमुख बलदेव चौधरी, उदयपुरगढी गाउँपालिका अध्यक्ष मानबहादुर केप्छाकी मगर, जिल्ला समन्वय समिति सदस्य चीनवीर दनुवार, ५ जना वडाध्यक्ष तथा बाँकी कार्यपालिका र वडा सदस्य रहेको जिल्ला निर्वाचन कार्यालय उदयपुरले जनाएको छ ।



निर्वाचन कार्यालयका अनुसार त्रियुगाका मेयर चौधरीसँगै ३ नं. वडाध्यक्ष अवधेशप्रसाद चौधरी,१३ नं. वडाध्यक्ष पशुपति चौधरी र ३, ६ र ११ का एक(एक सदस्यले एस रोजेका छन् ।त्यस्तै उदयपुरगढी ७ की वडाध्यक्ष कर्णमाया मगर, कटारी नगरपालिका ९ का वडाध्यक्ष बेगबहादुर आलेमगर र लिमचुङबुङ गाउँपालिका ५ का वडाध्यक्ष केशरकुमार खड्का पनि एसमा समाहित भएका छन् ।

नेकपा (एस) रोज्ने अन्य जनप्रतिनिधिमा कटारी नगरपालिका ९ का वडाध्यक्ष मगर र वडाका ४ जना सबै सदस्यहरु छन् भने कटारी ४ का २ सदस्यले पनि नेकपा (एस) रोजेका छन् । त्यसैगरी उदयपुरगढी गाउँपालिका प्रवक्ता तथा कार्यपालिका सदस्य थमान विक, वडा नं. २, ४ र ७ का एक(एक सदस्य तथा ५ का २ सदस्य, लिमचुङबुङ गाउँपालिका ३ का सदस्य गुरुमणि कुमाईले पनि एमाले त्यागेका छन् । एस रोज्ने जनपतिनिधिहरु गत सोमबारदेखि निर्वाचन कार्यालय पुगेर एमाले छाडेको प्रमाणस्वरुप सनाखत गर्दै आएका थिए ।

एसमै आउने भनिए पनि ताप्ली गाउँपालिका अध्यक्ष उद्धवसिंह थापा, उपाध्यक्ष कमलामाया राई र ५ वटै वडाध्यक्ष, सदस्य एमालेमै रहे । त्यस्तै रौतामाई गाउँपालिका अध्यक्ष गजेन्द्र खड्का, उपाध्यक्ष कुमारी रानाज्यु ठकुरी र ८ वटै वडाध्यक्ष, लिमचुङबुङका ३ र ४ नं. वडाध्यक्ष, त्रियुगा नगरपालिका २, ४, ११ र १२ नं वडाध्यक्ष र चौदण्डीगढी नगरपालिकाका ९ का वडाध्यक्षले पनि एमाले छाडेनन् ।बेलका नगरपालिकाका मेयर दुर्गाकुमार

*-बाकी ३ पेजमा*

# बेलकामा अखिल क्रान्तिकारी

❖ मुलुकी सवाददाता

*उदयपुर, भदौ २२*

नेकपा (माओबादी केन्द्र)निकट विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु क्रान्तिकारी) को बेलका नगरस्तरीय प्रथम सम्मेलन मंगलबार सम्पन्न भएको छ ।

बेलका ४ स्थित गुरुचौरी नमूना माविको सभाकक्षमा आयोजित सम्मेलनले सञ्जिव लुईटेलको अध्यक्षतामा २७ सदस्यीय नयाँ नगरकमिटी गठन गरेको छ ।

अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य भरत घिमिरेको प्रमुख आथित्य तथा अर्का केन्द्रीय सदस्य प्रदिप बास्कोटोलगायत पार्टी नेताहरुको उपस्थिति रहेको सम्मेलनले *-बाकी ३ पेजमा*




## सगरमाथा यातायात







गाईघाटदेखि काठमाडौं र काठमाडौंदेखि गाईघाट सम्मको सुविधा सम्पन्न यात्राको लागि सगरमाथा यातायात । भोला खड्का । सम्पर्क - ९८४०४१९८१२






Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# एमाले स्खलित, अवको शक्ति नेकपा (एकीकृत समाजबादी)



❖ राममणि पोखरेल

अन्ततः नेकपा (एमाले) विभाजित भयो या नेताहरुको भनाईमा चोईटियो ।एमाले बनेको लगभग ३० वर्ष वितेको छ । नेपालमा बहुदलीय व्यवस्था स्थापना भएको लगभग ९ महिनापछि दुई धारमा रहेका कम्युनिष्ट घटक नेकपा (मार्क्सवादी) र नेकपा (माले) मिलेर नेकपा (एमाले) बनेको थियो । एकीकरपको काम पोखरामा भएको थियो । एकीकरणको काम सकेर काठमाडौंमा दृष्टि साप्ताहिकको कार्यालयमा आएर एमाले पार्टीलाई मार्क्सवादीसँग एकता गरेर वागमतीमा सेलाइयो भन्ने एकजना नेता जो धैरैपल्ट मन्त्री भए, जिवितै छन् ।

अर्का नेता पूर्व मालेका थिए जो आर्थिक हिनामिनामा देशव्यापी रुपमा वदनाम छन् । पानी ट्याङकी प्रकरण, कोरोना भाईरसको संक्रामक रोगबाट नेपाली जनतालाई वचाउन कुनै मित्र राष्ट्रूले दिएको औषधि हिनामिना र कमिशन खाएवापत वदनाम छन् । उनी पनि नेकपा (एमाले)का शक्तिशाली नेताको रुपमा गणना हुन्छन् । उनी पनि मार्क्सवादीसँग एकताको पक्षमा थिएनन् । कुनै बेला जवानीको जोशमा आफ्नै सहयात्री, सहयोगी संगठनात्मक दृष्टिले एकै तहमा बसेकी महिलाको शरीरको सम्वेदनशिल स्थानमा छोईदिएवापत पार्टी वैठकमा खप्की खाएका, आलोचित भएका व्यक्ति पनि आफूलाई पार्टी पंक्तिमा शक्तिशाली सम्झन्छन् अझै पनि । यसरी विगतका गतिविधिको मुल्यांकन गर्दा एमाले पंत्तिमा आर्थिक रुपमा भ्रष्टता बढेको र नैतिक रुपमा क्रमिक रुपले नेताहरु स्खलित भएका दृश्य नयाँ होइन ।

विश्वको परिस्थिति, मित्र राष्ट्रहरुको सल्लाह र नेपालीजनताको दवावको कारणले लोकतन्त्र प्राप्तिपछि जनताका प्रतिनिधिले बनाएको संविधानका आधारमा भएको आम चुनावमा विगत २०१९ सालदेखि विभाजित दुईधारका कम्युनिष्टहरु निक्ट हुने प्रकृया प्रारम्भ भयो । फलस्वरुप ०७४ सालको आमनिर्वाचनमा सहमतिको आधारमा निर्वाचनमा गए । जनमत बटुल्न र वहुमत प्राप्त गर्न सफल भए । फलस्वरुप जनताको चाहना अनुरुप पार्टीगत एकतासमेत हुन गयो । आम जनतामा ठूलो लहर देखियो । यो लहरको विशेषता के रहयो भने नेपाली जनतामा सामन्तवाद, पुँजीवाद, विस्तारवादविरुद्ध छन् । चाहे ती हिंशामार्फत परिवर्तन चाहने हुन चाहे ती शान्तिपूर्ण प्रतिस्पर्धामार्फत र समानताको उदघोष गरुन् ।

हिंशामा विश्वास गर्ने शक्तिलाई पनि कुनै बेला नेपाली जनताले वहुमत दिए । शान्तिपूर्ण प्रतिस्पर्धावादी शक्ति त हितैषी छदै थियो । जनताको चाहना थियो, यी दुबै शक्ति एक होउन् । तर, एकताका मापन भने फरक थिए । ती नेता कार्यकर्ता र जनताका चाहनाकै प्रतिफल पार्टीका नेताले व्यक्ति विशेषता र अर्केको हैसियतले एकीकरणको घोषणा त भयो, गरियो । तर, भावनाको पालना भएन, गरिएन । विश्वप्रसिद्ध कम्युनिष्ट नेता माओत्सेतुङ भन्नु हुन्छ :( कुनै पनि राजनीतिक पार्टीको आयु, निश्चित उद्देश्य पुरा गरेपछि स्वतः कमजोर हुँदै जान्छ । एकल बहुमतको सरकार बनाएपछि नेकपा (एमाले)को आयु स्वतः समाप्त भएको देखियो । एमालेका ७० प्रतिशत नेता र कार्यकर्ता सैद्धान्तिक, बैचारिक, आर्थिक र नैतिकरुपले पतोन्मुख हुन थालेका थिए । तलदेखि माथिसम्म र माथिदेखि तलसम्म कमाउ र खाउँको स्थितिमा थिए । अनुशासन, नैतिक्ताको कुनै मापन थिएन । लुट्न कमाउन पाए हुन्थ्यो, यो संस्कृति ट्यांकीमा पैसा राख्ने नेताकै अनुशरण थियो ।

नेकपा (एमाले)का नेता कार्यकर्ताले मुलुकमा जस्तासुकै गलत र अपराधपूर्ण काम गरे पनि कुनै खाले सजाय गर्ने पद्धति अपनाइएन । कुनै कालखण्डमा दरवारका छोरा नाति राजकुमारजस्तै परम्परा कायम गरियो । स्टेशनरी पसलमा गएर डटपेन किनेजस्तै तरिकाले पार्टी सदस्यता दिइयो, शिक्षा दिक्षा दिइएन । एमालेको सदस्यताको कार्ड लिएपछि, मैले समाजमा जे गरे पनि हुन्छ, कालो धन्दा, गाँजा, चरेश, अफिमको व्यापार, तरुनी छोरी विदेश पठाउने, बेच्ने, घरमा ल्याएर दुईचार दिन सुताउने, भ्रष्टचार गर्ने, सरकारी योजना निर्माणमा धाँधली गर्ने । नराम्रो काम गर्ने । त्यहींबाट आएको रकम घाम पार्टीका नेतालाई नजराना चढाउने, नैतिकवान होइन्छ, स्यावासी पाइन्छ आदि । यस्ता थुप्रै उदाहरण दिन सकिन्छ । एमालेकै जनवर्गीय संगठन छ, अखिल नेपाल महिना संघ । यसको सांगठनिक ढाँचा माथि केन्द्रदेखि गाउँ नगरपालिकासम्म छ । यसमा उदयमा न मध्यमवर्गीय महिलाहरु समेटिएका छन्, सीमान्तकृत महिला कुनै तहको संगठनमा समेटिएका छैनन् ।

आजभन्दा १० बर्ष पहिला नेपालको पश्चिमी भागमा वसोवास गर्ने वादी समुदायका महिलाले आफूमाथि भएको अन्याय शोषणको विरुद्ध आफ्नै आवाज सत्ता र देशका अन्य तहका बुद्धिजिवी र प्रशासनलाई सुनाउन, देखाउन न्याय पाउँ भनेर अर्धनग्न अवस्थामा सिंहदरवारको गेटमा धर्ना दिनु परेको थियो ।सत्ताले लाठी चार्ज गऱ्यो । न्यायका साटो अखिल नेपाल महिला संघको केन्द्रीय तहका नेतृहरुले आँखा सन्काएर, मुख बङग्याएर प्याच्च भनिदिए 'राडीहरुले पोई खोजेका, तिम्रो पुरुष लगाईदिनु उचित हुन्छ ।' तर, ती वादी समुदायका महिलाको बनोट र मेरो शरीरको बनोट एकै प्रकारको छ भन्ने अथार्थतालाई बुझ्न सकेनन् ।

नेकपा (एमाले)को केन्द्रीय सदस्य भएको राज्यले पत्याएर प्रदेश माननीय भएर, मुख्यमन्त्री पदमा आसिन व्यक्तिले सोझी बालिका खड्का नामकी २८ वर्षकी तरुपीलाई जीवन साथी बनाउछु भनेर आफ्नो स्वार्थसिद्ध गर्ने अनि पछि अस्वीकार गर्नु, अपराध होइन ? त्यो कर्म उचित थियो त ? भँगेरे अक्षरमा छापामा समाचार आयो । पार्टीले मुख्यमन्त्रीलाई स्पष्टिकररण माग्न लकायो, त केभयो ? उल्टै बालिका खडकालाई निरुत्साहित र अपमानित गरियो । जवज र सूर्य छापको नामबाट आहत भएका जनता हात उठाएर विरोधमा कसिदै छन् । जुरमुराएका छन् । तिनको मनोवल उठाउँन प्रयत्न गरौं। माधव नेपालको अगुवाई भएको पार्टीको पुनर्गठन नै निश्चय एउटा नैतिकवान र सैद्धान्तिक विचारबान व्यक्तिहरुलाई समेटेर जनहितको पार्टी बन्नेछ ।

केपी ओली, इश्वर पोखरेल, गोकुल वास्कोटा, भानुभक्त ढकालजस्ता सैद्धान्तिक रुपमा स्खलित भएका व्यक्तिहरु त्यस पार्टीमा सामेल भए भने त्यस पार्टीको पनि अस्तित्व रहने छैन । कम्यूनिष्ट आदर्श समाजको लागि नेपाली जनताले ठूलो त्याग गरेका छन् । त्यस्तो त्याग अझै गर्न तयार छन् । त्यस्तो त्यागी जनताको उचित प्रतिनिधित्व गर्ने पार्टीको आवश्यक्तता छ । नकि तस्कर, ठेकदार, काला वजारियालाई प्रोत्साहन गर्ने, षडयन्त्र मुलुक र राष्ट्रूघात गर्ने पार्टीको । जवज र सूर्य छापको अस्तित्व अब नेपाली जनतामा नामेट भएको छ । राष्ट्रूको विकल्प नेकपा एकीकृत समाजवादी पार्टी नै हुनेछ ।









Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## अखिल...




गठन गरेको कमिटीका उपाध्यक्षमा सन्देश तामाङ र राजन दाहाल, सचिव नारायण फुयाल, सहसचिवमा यशोदा विक र अर्जुन निरौलता तथ कोषाध्यक्ष सीता आचार्य चयन भएका छन्।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका बेलका नगर कमिटी अध्यक्ष मनोज तामाङ, रमण भट्टराईलगायतको पनि उपस्थिति थियो। सम्मेलन सफलताको मन्तव्य दिँदै नेताहरुले पार्टीलाई आउँदो चुनावमा १ नं. को दल बनाउन विद्यार्थी संगठनलाई तिव्र बनाउनुपर्नेमा जोड दिएका थिए। नेताहरुले वैज्ञानिक र जनवादी शिक्षामा जोड दिन तथा शैक्षिक अधिकारका लागि अखिल क्रान्तिकारी देशव्यापी अभियानमा लाग्नुपर्ने बताएका थिए।

## उदयपुर...

थापा, उपमेयर राजकुमारी चौधरी र ९ वडामा एमालेबाट जितेका ८ वडाध्यक्षमध्य ४ र ९ बाहेक पहिलेदेखि नै ओली समूहमा थिए। माधव समूहका २ वडाध्यक्षले पनि (एस) रोज्ने हिम्मत कसेनन्।

पूर्व सांसद तथा नेकपा (एस)का प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले लामो समयदेखि माधव नेपाल समूहमा रहेर टिकट पाई चुनाव जितेका धेरै जनप्रतिनिधिहरु पछिल्लो समय लोभलालच र धाकधम्कीमा परे एसमा आउन नसकेको बताए। उनका अनुसार क्टारी नगरप्रमुख ज्ञानेन्द्र श्रेष्ठ माधव समूहबाटै टिकट पाएर चुनाव जितेका हुन्। तर, मेयर श्रेष्ठ ओलीले पहिलो पटक संसद विघटन गरेर पार्टी विस्तार गर्दा खेमा परिवर्तन गरेर केन्द्रीय सदस्य बनेका थिए।

त्रियुगा मेयर तथा एसका केन्द्रीय सदस्य चौधरी एमाले हुँदा तथा माओबादी केन्द्रसँग एकीकरण भएर बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा पनि केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज थिए। उदयपुरगढीका अध्यक्ष मगर पनि पहिलेदेखि नै माधव नेपाल समूहमै रहँदै आएका छन्। एसमा प्रवेश गर्ने वडाध्यक्षहरु पनि नेपाल समूहमै रहेका थिए भने सदस्यहरु भने खासै गुटसँग साईनो राख्ने गरेको पाइएको छैन। कतिपय वडास्तरिय जनप्रतिनिधिहरुलाई भने समयमा खवर गर्न नसक्दा पनि एसमा प्रवेश गराउन नसकिएको खतिवडाले बताए।

पूर्वानुमान अनुसार यो भन्दा निकै ठूलो संख्यामा जनप्रतिनिधि एसमा प्रवेश गर्ने आँकलन गरिएकोमा जिल्ला अधिवेशनबाट निर्वाचित अध्यक्ष इश्वरमणि राउतले खेमा परिवर्तन गरेका कारण यस्तो अवस्था सिर्जना भएको प्रदेशसभा सांसद तथा प्रदेश पार्टी सदस्य सुनिता चौधरी बताउँछिन्। उनका अनुसार अविधेशनबाट अध्यक्ष भएका राउत पछिल्लो पटक तेस्रो धारका १० नेता एमालेमै रहने भएसँगै मनस्थिति बद्लेर एमालेमै रहने निर्णयमा पुगेपछि एसमा आउन तयार जनप्रतिनिधिहरु एकाएक रोकिन पुगेका हुन्।

अधिवेशनबाट जितेका अध्यक्ष राउत, सचिव प्रमेश घिमिरे र बहुमत जिल्ला सदस्यहरुको हिस्सा माधव नेपाल समूहमै रहेको थियो। तर, जब तेस्रो धार एमालेमा रहने निर्णयमा पुग्यो, एकाएक परिस्थिति बदलिएको चौधरी बताउँछिन्। केपी ओलीले पहिलो पटक संसद विघटन गर्दा प्रचण्ड माधव समूहले आयोजना गरेको विरोध कार्यक्रमको आन्दोलनमा अगुवाई गर्ने सचिव घिमिरे केही दिनपछि नै ओलीपक्षमा अध्यक्ष भएर जिल्ला पार्टी पुनर्गठन गरेका थिए।




त्रियुगा जनता बहुमुखी क्याम्पस मोतीगडा
गाईघाट, उदयपुर
सगरमाथा अञ्चलकै अग्रणी एवम् QAA Certified यस क्याम्पसमा शैक्षिक सत्र २०७८ का लागि
Faculties
➢Management
➢Humanities
+2 मा भर्ना खुल्यो !
प्रवेश परीक्षा भाद्र ४ गते शुक्रबार
परामर्श कक्षा भाद्र १३ गते
कक्षा सञ्चालन भाद्र १५ गते
९८५२८३५३६३
९८४२८२६६७०
९८५२८३५६७०
Computer Science मा सिट सङ्ख्या मात्र 30 !
Campus Chief
Visit Us At Least Once, Then feel the Difference !!





त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पूर्व काका होटलसँगै जोडिएको। प्रोपाइटरः–**बिनोदकुमार पाण्डे** सम्पर्कः– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

## गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,


# रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### भुट्टार
प्रदेश नं. १, उदयपुर

# विद्युतीय माध्यामबाट बोलपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकाशितमिति :२०७८/०५/२३*

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार *Construction of DillibarDhopkhola water supply project, Rautamai RM-8* योजनाको लागि तपसिल बमोजिमको ***निर्माण कार्य*** गर्नुपर्ने भएकाले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थानलगायतका विस्तृत विवरणसहितको सूचना यस कार्यालयको Website: www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website: www.ppmo.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्रआह्वान गरिएको छ।

**बोलपत्र सम्बन्धी निर्माण कार्यको विवरण**

| सि.नं. | दरभाउपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (PS आइटम र भ्याट वाहेक) रु. | धरौटी रकम | निर्माण | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | RRM/NCB/Works/08/2078-079 खानेपानी | *Construction of DillibarDhopkhola water supply project, Rautamai RM-8* **Rautamai Rural Municipality, Udayapur** | 26,44,082.97 | 75,000.00 | नेपाल सरकार बाट मान्यताप्राप्त फर्म, कम्पनी | रु.३०००/– |

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# फुटसल लिग जित्नेलाई १० लाख पुरस्कार

❖ बिबेक राई

*गाईघाट, भदौ २२*

अखिल नेपाल फुटबल संघ (एन्फा) ले आयोजना गर्ने भनेको ए डिभिजन फुटलसल लिग विजेताले दश लाख पाउने भएको छ। एन्फा कम्प्लेक्स सातदोबाटोमा मंगलबार गरिएको टाइसिट विभाजनसँगै पुरस्कारको पनि जानकारि दिइएको हो । ए डिभिजन फुटसल लिग यहि असोज २ गत्तेबाट सुरु हुँदैछ । प्रतियोगिताको सम्पूर्ण खेल पोखरामा हुनेछ भने विभिन्न पाँच प्रदेशबाट १० टोलीले सहभागिता जनाउने भएका छन् ।एक नम्बर प्रदेशबाट फुटसल पाँच धरान र द राइजिङ क्लब धरानले भाग लिएका छन् ।

बाग्मती प्रदेशबाट सबैभन्दा बढि धुकु फुटसल हब, संखमुल फुटसल, प्रभातफेरी युथ क्लब र स्काइ गोल्स फुटसल गरि चार टोलीले सहभागिता जनाउने भएका छन् । त्यस्तै गण्डकी प्रदेशबाट स्पोर्ट्स क्यासल र सबिन मोमरियल फुटसल क्वलले भाग लिएका छन् । लुम्बिनी प्रदेशबाट लुम्बिनी फुटसल र सुदुरपश्चिमबाट झर्ना स्पोर्ट्स क्लबले प्रतिस्पर्धा गर्नेछन् । सहभागी टोलीले खेल्ने खेलको मंगलबार टाइसिट निकालेसँगै प्रतियोगितामा दोस्रो हुने टोलीले पाँच लाख पाउने पनि पक्का भएको छ ।

त्यसबाहेक प्रतियोगिता अवधिभर उत्कृष्ट हुने खेलाडी, गोलरक्षक, डिफेन्डर, प्रशिक्षक र एक उदयीमान खेलाडीले जनही २५ हजार पुरस्कार पाउनेछन् । प्रतियोगिताको उद्घाटन दिनमा राइजिङ क्लब धरानले स्काइ गोल्स काठमाडौँको र स्पोर्ट्स क्यासल पोखराले प्रभातफेरी युथ क्लबको सामना गर्नेछन्। यता एन्फाको आयोजनामा मंगलबार नै भएको सी डिभिजन फुटबलको छनौटमा बागेश्वरी युथ क्लबले टु स्टार क्लबलाई ३-१ ले सहजै पराजित गरिदिएको छ ।

१० औं मिनेटमा विक्की महर्जनले गोल गरेपछि बागेश्वरी छिट्टै नै खेलमा अग्रता लिन सफल भएको थियो । अझ २० औं मिनेटमा सौगात तामाङले गोल थपेपछि बागेश्वरीको दुई गोलको सहज अग्रता भएको थियो । पहिलो हाफ पछि परेको टु स्टारले ५२ औं मिनेटमा गोल फर्काउँदै खेलमा फर्कने छाँट देखाएको थियो । गाञ्जीव चौधरीले कर्नर प्रहारमा आएको बलमा एक गोल फर्काएका थिए । तर ८७ औं मिनेटमा सागरले बागेश्वरीको लागि विजयी गोल गरिदिए ।

निर्धारित ९० मिनेटपछिको इन्ज्यूरीको ११ औं मिनेटमा पेनाल्टीमा गोल गर्न सकेको भए टु स्टारको गोलअन्तर छोटिन सक्थ्यो । तर, अन्तिम समयतिर पाएको पेनाल्टीमा गोल गर्नु नसक्दा टु स्टार ३-१ को हार स्वीकार्न बाध्य भयो । खेलपछि बागेश्वरीका विक्की म्यान अफ द म्याच चुनिए । जीत हात पारेसँगै बागेश्वरीले समुह जे बाट अर्को चरण पुग्ने सम्भावना बलियो बनाएको छ ।एक समुहबाट एक टोलीले मात्र समुह चरण पार गर्नेछ ।

मंगलबार नै भएको दिउँसो १२:३० बजेको पहिलो खेलमा भने भक्तपुर फुटबल क्लब र युथ हसनटार क्लबले ३-३ को प्रतिस्पर्धात्मक बराबरी खेले । समुह आई को खेलमा भक्तपुरका उदित नारायण चौधरीले ह्याट्रिक गरे । उनले दोस्रो, ५८ औं र ६६ औं मिनेटमा गोल गरेका थिए । युथ हसनटारका लागि कप्तान शैलेन्द्र नेपालले आठौं र ५० औ मिनेटमा अनि मन्दिप राईले ४५ औं मिनेटमा गोल फर्काएका थिए । अब दुवै टोलीले दिव्याश्वरी एफसीसँग खेल्न बाँकी छ ।

देशैभरबाट छनौटमा भाग लिएका ७८ टोलीलाई एन्फाले सु?मा तीनतीन टोली पर्नेगरि २६ समुहमा भाग लगाएका छन् । लिग आधारमा सबैले एकअर्कासँग खेलेपछि समुहको विजेता अघिल्लो चरण पुग्नेछन् । दोस्रो चरणमा आउने यी २६ समुह विजेतालाई एउटामा आठ टोली र बाँकी दुईमा नौ नौ टोली पर्ने गरि तीन समुहमा फेरि भाग लगाइनेछ । त्यसपछि तीन समुहमा ती टोलीले नकआउटको आधारमा प्रतिस्पर्धा गर्नेछन् र तीन समुहबाट अन्तिममा तीन टोलीले सी डिभिजन मान्यता पाउनेछन् ।




यहाँ सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्स जुत्ता, चप्पल होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजका जुत्तासमेत उपलब्ध गराईन्छ। उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ।

न्यु हलेसी फुटवेयर सप्लार्यस

त्रिनपा ११ गाईघाट, उदयपुर। प्रोपाइटर–सुमन कटुवाल। सम्पर्क ९८५१११०१६८।










माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट